**बैठक नं. ०६** **(बैठक संख्या ८१)**

आज मिति २०८२/०७/२१ गते विहान ८:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | का.स. | श्री गँगा बहादुर गाहा | |
| १६ | | | |
| | | | |
| | | | |
| | | | |

CamScanner

बैठक नं. ०६ मिति: २०८२/०७/२१ (बैठक संख्या ८१)

प्रस्ताव तथा निर्णयहरु

निर्णय नं १

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्वन्धमा**: विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

निर्णय नं २

**घरवास कार्यक्रम कार्यन्वयनको लागी लाभग्राही संख्या तथा सुची पेश गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिकाको आ.व. २०८२/८३ को बार्षिक स्विकृत **घरवास कार्यक्रम** कार्यन्वयनकोलागी तपशिल वमोजिमका वडाहरूमा तोकिए वमोजिमको लाभग्राही संख्या एकिन गरी वोलपत्रमार्फत कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | वडा | एकिन संख्या | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. १ हुगी | १ घर | तोकिए वमोजिमको संख्यामा सम्वन्धीत वडापालिका समितिको निर्णय सहित लाभग्राहीको नामावली सुची यथाशिघ्र पेश गर्ने |
| २. | वडा नं. २ फोकसिङकोट | २ घर | |
| ३. | वडा नं. ४ हुमीन | १ घर | |
| ४. | वडा नं. ५ ताहुँ | १ घर | |

निर्णय नं ३

**अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि तर्जुमा गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्विकृत **अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम** कार्यान्वयनको **अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम कार्यन्वयन कार्यविधिको मस्यौदा** तयार गरी अर्को कार्यापालिका वैठकमा पेश गर्नेगरी प्रमुख प्रशासकिय अधिकृत ज्युलाइ अनुमती दिने निर्णय गरियो ।

निर्णय नं ४

**योजना कार्यक्रम कार्यन्वयन गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्विकृत कार्यक्रमहरू प्राथमिकता निर्धारण गरी कार्ययोजना वनाइ कार्यन्वयन गर्न प्रमुख प्रशासकिय अधिकृत मार्फत सम्वन्धीत महाशाखा,शाखा तथा सम्वन्धीत वडाहरूमा निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ५

**उद्यमशिलता रोजगारी तथा खाध्यन्न सुनिश्चिताकोलागी कृषिमा व्यवसायीकरण कार्यक्रम क्षेत्र छनौट गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिका आ.व. ०८२/०८३ को बार्षिक स्विकृत सर्शत **उधमशिलता रोजगारी तथा खाध्यन्न सुनिश्चिताकोलागी कृषिमा व्यवसायीकरण कार्यक्रमकोलागी** देहाय वमोजिमको वडाहरूमा तपशिल वमोजिमको पकेट कृषिजन्य वस्तुहरू उत्पादन गर्ने गरी कार्यक्रम कार्यन्वयन गर्नको लागि कृषि विकास शाखालाइ अनुमतिं दिने निर्णय गरियो ।

तपशिल

| क्र.स. | वडा | कृषिजन्य वस्तुहरू | कैफियत |
|---|---|---|---|
| १. | वडा नं १ हुँगी | लिचि पकेट र भैसी प्रर्वद्गन | |
| २. | वडा नं २ फोकसिङकोट | सुन्तला,लोकलकुखुरा र माहुरीपालन | |
| ३. | वडा नं.३ पिपलडाँडा | माहुरीपालन र भैसी प्रर्वद्दन | |
| ४. | वडा नं. ४हुमीन | लिचि , आपँ र भैसी प्रर्वद्दन | |
| ५. | वडा नं ५ ताँहु | माहुरी पालन र लोकलकुखुरा पालन | |

**निर्णय नं ६**

**रिमिघा, रम्भा देवी पर्यटन प्रर्वद्दन कार्यक्रम सम्वन्धमाः रम्भा गाउँपालिका प्रदेश समपुरक योजना आ.व.०८२।८३ को रिमिघा, रम्भा देवी पर्यटन प्रर्वद्दन कार्यक्रम** कार्यान्वियनमा दुविधा उत्पन्न भइ टेण्डर प्रक्रियामा जान समस्या भएको हुदा सम्वन्धीत वडा नं ५ , वडा नं २ ,र वडा नं. ३ का वडा अध्यक्ष ज्यु सहित आपसी छलफल गरी गर्नुपर्ने कामको विवरण तयार गरी पुर्वाधार महाशाखामा यथाशिघ्र पेश गर्ने र सोको समन्वय पुर्वाधार महाशाखा मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

**गाउँपालिकाको ट्रष्ट भवन वोलपत्र तथा स्रोत सुनिश्चिता सम्वन्धमाः** रम्भा गाउँपालिका गाउँकार्यापालिकाको ट्रस्ट भवन निर्माणकोलागी लागत अनुमान ३७,३४,५३८।१५ स्विकृत भइ टेण्डर भएकोमा वोलपत्रदातावाट रू ३४,७५,६८६।०५ विड गरेकोमा उक्त विडलाइ अनुमोदन गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

**आर्थिक सहयता गर्ने सम्वन्धमाः** रम्भा गाउँपालिका भित्रका नागरीकहरू कडा रोगलागी उपचार्थ देहाय वमोजिमका व्यक्तिहरूलाइ तपशिल वमोजिमको रकम असाहय स्वास्थ्य उपचार सहयोग कोष संचालन कार्यविधि वमोजिम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | सहयता प्राप्त गर्नेको नाम थर | ठेगाना | स्विकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | टीकि सार्कि | रम्भा गा.पा.वडा नं १ | १०,०००। | मृगौला फेलियर |
| २. | शुसीला अर्याल | रम्भा गा.पा.वडा नं १ | १०,०००। | पाठेघर क्यान्सर |
| ३. | हरि प्रसाद खनाल ( विशाल भैसी | रम्भा गा.पा. वडा नं.४ | १५,०००। (विपद व्यवस्थापन कोष) | भैसी फर्ममा आगालागी भइ क्षती |

| | | | | |
|---|---|---|---|---|
| | फर्म) | | | भएको |
| ४. | विष्णु कुमारी विश्वकर्मा | रम्भा गा.पा. वडा नं ४ | ३०,०००। (विपद व्यवस्थापन कोष) | अविरल वर्षाकोकारण गोठ भत्किन गइ वस्तु चौपायाको क्षति भएको |
| ५. | भुपती प्रसाद अर्याल | रम्भा गा.पा. वडा नं. १ | ७५००। | विपद |
| ६. | एन्जीला सारु | रम्भा गा.पा. वडा नं. ४ | १०,०००।(अन्य सामाजिक सुरक्षा र गरिब परिवार सहायता शिर्षक | विपन्न परिवार भएको हुदाँ उपचारको लागि |
| ७. | जित बहादुर सारु | रम्भा गा.पा. वडा नं. ४ | १०,०००।(अन्य सामाजिक सुरक्षा र गरिब परिवार सहायता शिर्षक | विपन्न परिवार भएको हुदाँ उपचारको लागि |

**निर्णय नं ९**

**एकिकृत घुम्ती शिविर संचालन गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिका आ.व. ०८२।८३ कोलागी वार्षिक स्विकृत **एकिकृत घुम्ति शिविर कार्यक्रम** सम्वन्धीत महाशाखा शाखाहरूसंग छलफल गरी यहि मिति २०८२ मँसिर महिना भित्र संचालन गर्ने गरी तयारी गर्न प्रमुख प्रशासकिय अधिकृत मार्फत सम्पुर्ण शाखालाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

**गोतामेघाट पक्कि पुल निर्माण गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिका र माथागढी गाउँपालिका जोडने गोतामेघाटमा दुवै स्थानिय तहको लागत साझेदारीमा पक्कि पुल निर्माण गर्ने दुवै गाउँपालिकाका अध्यक्ष स्तरीय वसेको निर्णयलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

**गाउँपालिकाको प्रशासनिक भवनको विद्युतिय पोल स्थानान्तरण सम्वन्धमा**: रम्भा गाउँपालिकाको निर्माणधिन प्रशासनिक भवनको स्थानमा रहेको विद्युतिय पोल तत्काल स्थानान्तरण गर्नुपर्ने भनी प्राविधिकवाट सिफारिस भइ आएकोहुदा उक्त पोल स्थानतत्रण गर्दा लाग्ने प्राविधिक स्टेमेट अनुसार जम्मा रू १,८०,४२६। रूपैया नेपाल विधुत कार्यालयलाइ निकासा दिने निर्णय गरियो ।

CamScanner

बैठक नं. ०६ मिति: २०८२/०७/२१ (बैठक संख्या ८१)

**निर्णय नं १२**

**वर्षायाममा सडक मर्मतहरूको भुक्तानी सम्वन्धमा**: रम्भा गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडाहरूमा वर्षायाममा विग्रेका सडकहरूको गाउँकार्यापालिका वैठकको निर्णय अनुसार मर्मत सम्भार भइसकेको हुदा सम्वन्धीत सडकहरूको अनुगमन गरी भुक्तानी प्रक्रियाकोलागी अगाडी वढाउने निर्णय गरियो।

**निर्णय नं १३**

**विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा**: रम्भा गाउँपालिका विपद जोखिम न्युनिकरण समितिवाट राहत सम्वन्धी भएको सम्पुर्ण निर्णयलाइ अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

**सार्वजनिक सुनुवाइ सम्वन्धमा**: रम्भा गाउँपालिकाको वार्षिक स्विकृत सार्वजनिक सुनुवाइ कार्यक्रम अन्तर्गत मिति २०८२ मंसिर भित्र सम्पुर्ण वडाहरूले गाउँपालिकासंग समन्वय गरीकन सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

**महालेखा परिक्षकको अन्तिम प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन पेश गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिका आ.व.०८१।८२ को महालेखा परिक्षकको अन्तिम प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन कार्यापालिका वैठक समक्ष पेश गरी वेरूजुको अवस्थावारे जानकारी गराइयो।

**निर्णय नं १६**

**प्रधानमन्त्रि रोजगार कार्यक्रम योजना पेश गर्ने सम्वन्धमा**: रम्भा गाउँपालिका आ.व.०८२।८३ सर्शत वजेट प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयनकोलागी ५ वटै वडावाट पेश भएका तपशिल वमोजिमका योजनाहरूलाइ स्विकृत गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | योजनाको नाम | योजना कार्यन्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | असेर्दी देखि सिद्धरम्भादेवी मन्दिर जाने गोरेटो | रम्भा- १, असेर्दी | |
| २. | कालीगण्डकी पदमार्ग निर्माण | रम्भा- १, छर्तिघाट देखि लक्ष्मीनारायणधाम सम्म | |
| ३. | किटेनी बोरोङ्गे पैदल मार्ग निर्माण | रम्भा- २, फोक्सिङकोट | |
| ४. | लावे भुयारथान पैदल मार्ग निर्माण | रम्भा- २, फोक्सिङकोट | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५. | आरुपाटा पाखाबारी स्यागुडाँडा राम्चे गोरेटो बाटो स्तर उन्नति | रम्भा- ३, पिपलडाँडा | |
| ६. | गरुङ्गाको भित्री गोरेटो बाटोहरु गेझाबारी देखि विद्यालय सम्म र अघरे जाट्च बाटो देखि माझटोल सम्म | रम्भा- ३, पिपलडाँडा | |
| ७. | धारादी पोष्दी पधेरो जाने बाटो निर्माण तथा मर्मत | रम्भा- ४, हुमिन | |
| ८. | मार्सिडाँडा देखि ढुकुरडाँडा तथा आर्गीडाँडा भवन देखि भयरथान जाने बाटो निर्माण तथा मर्मत | रम्भा- ४, हुमिन | |
| ९. | रानाटोल देखि गुरुङ्गडाँडा सम्म जाने गोरेटो बाटो | रम्भा- ५, ताहुँ | |
| १०. | ५ नं वडा भित्र रहेको कच्ची मोटर बाटोको नाली निर्माण | रम्भा- ५, ताहुँ | |
| ११. | रिमिघा पर्यटन क्षेत्र सरसफाई तथा वृक्षारोपण कार्यक्रम | रम्भा- २ र ३ | |
| १२. | रिमिघा स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड भवन प्लास्टर | रम्भा- ३, पिपलडाँडा | |

## निर्णय नं १७

**सडक बोर्डमा बजेट माग गर्ने सम्बन्धमा:** रम्भा गाउँपालिका पहुँच मार्गको रुपमा रहेको लसुने- ओमभञ्ज्याङ- देउराली सडकको मर्मत कार्य हुन नसक्दा जिर्ण भई यातायात सञ्चालनमा कठिनाई भएको हुदाँ उक्त सडक मर्मत गर्न आवश्यक पर्ने लागत अनुमान बमोजिमको रकम चालु आ.व. २०८२/०८३ मा व्यवस्थापनको लागि गाउँपालिकाबाट व्यहोर्नुपर्ने रकम व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्दै सडक बोर्डमा माग गर्ने निर्णय गरियो ।

CamScanner